# INSEC Surveillance System on Explosive Device Incidents

## Bimonthly report on civilian casualties of unintentional explosions
Nepali
November/December 2006

नोभेम्बर/डिसेम्बर २००६ को स्थिति सारांश

- इन्सेक जिल्ला प्रतिनिधिहरुका अनुसार नोभेम्वर महिनामा **तीन** वटा विस्फोटनमा **सात** जना सर्वसाधारण हताहत भएका थिए ।
- इन्सेक जिल्ला प्रतिनिधिहरुका अनुसार डिसेम्वर महिनामा **दुई** वटा विस्फोटनमा **पाँच** जना सर्वसाधारण हताहत भएका थिए ।
- सन् २००६ मा ८४ वटा विस्फोटनका घटनामा १४४ जना सर्वसाधारण हताहत भएका थिए ।
- मध्यमाञ्चल विकास क्षेत्र सबैभन्दा बढी प्रभावित क्षेत्र थियो जहाँ २३ वटा विस्फोटनका घटनामा ४० जना हताहत भएका थिए ।
- सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको कैलाली जिल्ला सबैभन्दा बढी प्रभावित जिल्ला थियो जहाँ १३ जना हताहत भएका थिए भने त्यसपछिको अति प्रभावित जिल्ला मोरङ थियो जहाँ १२ जना सर्वसाधारण हताहत भएका थिए ।

## सम्पादकीय

यो प्रतिवेदन नेपालमा INSEC Surveillance System on IED/UXO/Mine incidents शुरु भएपछिको चौथो प्रतिवेदन हो । यसमा नोभेम्बर तथा डिसेम्बर महिनामा भएका विस्फोटनका घटनाको एकिकृत रुपमा विश्लेषण गरिएको छ ।

इन्सेकको तथ्याङ्क संकलन प्रणाली (INSEC Surveillance System) का मुख्य तीन वटा उद्देश्यहरु रहेका छन्:

- नेपालका सबै जिल्लामा हुने दुर्घटनापूर्ण विस्फोटनमा हताहत भएका सर्वसाधारणको सूचना संकलन गर्ने ।
- हताहत भएका नागरिक र पीडित सहायता प्रदान गर्ने संस्थाहरुबीच समन्वय गर्ने ।
- पीडित सहायता तथा विस्फोटनजन्य जोखिम न्यूनीकरण शिक्षामा सुधार ल्याउन माइनविरुद्धको अभियानका सरोकारवालालाई घटनाका सम्बन्धमा वास्तविक सूचना प्रदान गर्ने ।

यो प्रतिवेदनमा अलक्षित विस्फोटनजन्य घटनामा हताहत भएका सर्वसाधारण नागरिक मात्र समेटिएका छन् । यसले लक्षित विष्फोटन (आक्रमण, एम्बुस, संरचना ध्वस्त, अपराध) वा मानवीय क्षति नभएका विस्फोटन तथा सैनिक हताहतलाई समेटेको छैन । अलक्षित विस्फोटन तथा सर्वसाधारण हताहत सम्बन्धी विस्तृत जानकारी यसै प्रतिवेदनको घटना परिभाषा शीर्षकमा पाउन सकिन्छ ।

इन्सेकले नेपालका ७५ वटै जिल्लामा रहेका जानकारहरुको सञ्जालमार्फत यो कार्यक्रम सञ्चालन गरिरहेको छ । जब कुनै सर्वसाधारण व्यक्तिलाई असर पार्ने गरी दुर्घटनापूर्ण विस्फोटन हुन्छ, तब इन्सेकलाई जानकरी गराइन्छ र सम्बन्धित जिल्लाका इन्सेक प्रतिनिधि अनुसन्धानका लागि जान्छन् । घटनाको तथ्याङ्क इन्सेक क्षेत्रीय कार्यालयमा तथा केन्द्रीय कार्यालयमा पठाइन्छ साथै सम्भव भएमा पीडित सहायता प्रदान गर्ने निकायहरुमा समेत दिइन्छ । सूचनाको मासिक रुपमा विश्लेषण गरिन्छ र मासिक रुपमा संक्षिप्त प्रतिवेदन तयार गरिन्छ । प्रतिवेदन इन्सेकको वेवसाइट **www.inseconline.org** मा उपलब्ध हुन्छ वा Prashannata Wasti, INSEC Surveillance Coordinator (prashannata@insec.org.np सँग अनुरोध गरी प्राप्त गर्न सकिन्छ ।

यदि तपाईले कहिकतै विस्फोटक पदार्थजन्य विष्फोटनका घटना थाहा पाउनु भयो भने तपाईको जिल्लाको इन्सेक प्रतिनिधि, क्षेत्रीय कार्यालय वा Surveillance Coordinator Prashannata Wasti (+977 98413 099 58, prashannata@insec.org.np) लाई जानकारी गराउनुहोस् । इन्सेकलाई घटनाका बारेमा जानकारी गराएर तपाई पनि तथ्याङ्क संकलन प्रणालीको सफलतामा सहभागी बनी पीडितलाई सहायता प्रदान गर्ने संस्थासम्म पुर्‍याउन सहयोग गर्नसक्नुहुन्छ

यो प्रतिवेदनमा विभिन्न गल्ती हुनसक्छन् र तपाईको आवश्यकता पूर्ति गर्नका लागि यसमा सुधारका थुप्रै सम्भावना पनि हुनसक्छन् । त्यसैले तपाईको सम्पूर्ण प्रतिक्रिया प्रशन्नता वस्तीलाई जानकारी गराउनुहोला ताकि इन्सेकले भविष्यमा सुधार गर्न सकोस् ।

## *परिभाषा (Case definition)*

यो प्रतिवेदनमा प्रयोग भएको अलक्षित विस्फोटनका गैरसैनिक नागरिक हताहतलाई देहायका मापदण्डबाट स्पष्ट गर्न सकिन्छ ।

### सर्वसाधारणभित्र पर्ने

- क्षति, हानि वा आतंकित पार्ने नियतवश नभई अन्जानमा पीडित आफ्नै कारणबाट विस्फोटक पदार्थ सक्रिय भई विस्फोटन हुँदा सर्वसाधारण घाइते भएमा या मृत्यु भएमा । यस्ता विस्फोटक पदार्थहरु निम्न हुनसक्छन् :
    - घरेलु विस्फोटक पदार्थ छलपासो समेत (IED including booby-traps)
    - मानव घातक माइन (AP Mines )
    - अन्य विस्फोटक सामाग्रीहरु (UXO / AO)
- जनावर वा प्राकृतिक (चट्याङ, ताप, पहिरो आदि) का कारणले विस्फोटक पदार्थ सक्रिय भई हताहत भएका गैरसैनिक नागरिक
- विस्फोटक पदार्थ सक्रिय बनाउनेको नजिकै उभिएका कारण हताहत भएका गैरसैनिक नागरिक
- विस्फोटक पदार्थको उत्पादन, ओसारप्रसार वा भण्डारणका बेलामा नजिकै रहेका कारणबाट हताहत भएका गैरसैनिक नागरिक
- युद्धरत पक्षद्वारा जबर्जस्ती विस्फोटक पदार्थ फ्यूज गराउन वा हटाउन लगाइएका सर्वसाधारण

### सर्वसाधारणभित्र नपर्ने

- जुनसुकै परिस्थितिमा पनि सुरक्षाकर्मी वा विद्रोही लडाकु
- जुनसुकै परिस्थितिमा पनि कुनै लडाकु समूहमा रहेको व्यक्ति (जस्तैः भिजिलान्ते, प्रतिकार समिति सदस्य)
- अपराधिक प्रयोजनका लागि विस्फोटक पदार्थ प्रयोग गर्ने व्यक्तिहरु
- ओदश/आक्रमणबाट हुने विस्फोटनका पीडितहरु (ambush, roadside, building, tower, etc.)
- सकेट बम प्रहार, आर्टिलरी आक्रमण, हवाइ आक्रमण, रकेट आक्रमण वा अन्य कुनै प्रकारको प्रत्यक्ष प्रक्षेपण गरिने पदार्थका पीडितहरु
- सीधै वा जथाभावी गोली प्रहारबाट पीडित भएका व्यक्तिहरु
- सामान्य शारीरिक चोटपटक लागेका पीडित (जसलाई उपचारको आवश्यकता पर्दैन )
- माथि inclusive criteria मा नपरेका अन्य व्यक्तिहरु

## विस्फोटक पदार्थका प्रकार

इन्सेकले विस्फोटक पदार्थको प्राविधिक विवरणको आधारमा विस्फोटक पदार्थलाई विभाजन गरेको छ। यस अन्तर्गत मुख्य तीन वटा समुह रहेका छन्- घरेलु वि्स्फोटक पदार्थ (IED), मानव घातक माइन (AP Mine) र अन्य विस्फोटक पदार्थ (Other ED)।
**घरेलु विस्फोटक पदार्थ** (IED) भनेको घरमा निर्मित विस्फोटक पदार्थ हो । यो प्रायः गरेर हातले नै प्रयोग गरिन्छ र व्यक्तिलाई मार्न, घाइते तुल्याउन वा आतंकित पार्नको लागि प्रयोग गरिन्छ । यो परिभाषाले विस्फोटनजन्य झुक्काउने पासोलाई समेत समेट्छ। यो समुहमा नपड्किएका वा बेवारिसे छाडिएका घरेलु विस्फोटक पदार्थ पनि पर्दछन्।

**मानव घातक माइन** (AP Mine) भन्नाले कारखाना निर्मित विस्फोटक पदार्थ जसलाई जमिनमुनि वा जमिन वा जमिनको नजिकै राखिने तथा व्यक्तिको उपस्थिति, सम्पर्क वा सामिप्यबाट विस्फोटन हुने गरी तयार पारिएको विस्फोटक पदार्थलाई बुझिन्छ । यस अन्तर्गत गाडी घातक माइनलाई समावेश गरिएको छैन किनकि अहिलेसम्म नेपालमा गाडी घातक माइन प्रयोग गरेको पाइएको छैन ।

**अन्य विस्फोटक पदार्थ** भन्नाले कारखाना निर्मित विस्फोटक सामाग्री (आदेशबाट सक्रिय हुने माइन समेत) जुन विस्फोटन भएका छैनन वा वेवारिसे छाडिएका छन् तिनीहरुलाई जनाउँछ । नपड्किएका विस्फोटक पदार्थ भन्नाले फायर गरिने, फ्याँकिने, माथिबाट लञ्च गरिने तर लक्ष्य अनुसार विस्फोटन नभएका विस्फोटक सामाग्रीलाई जनाउँछ । **बेवारिसे छाडिएका विस्फोटक पदार्थ** भन्नाले कारखानामा निर्मित विस्फोटक सामाग्री जसको प्रयोग भएको हुँदैन (अझै पनि सुरक्षित पीन भएका वा फ्युज नगरिएका) तथा कुनै पनि निश्चित पक्षको नियन्त्रणमा नरहेका विस्फोटक सामाग्रीलाई जनाउँछ ।

### Glossary

| | |
|---|---|
| AO | Abandoned Ordnance |
| AP Mine | Antipersonnel Mine |
| AT/AV Mine | Anti-Tank/Anti-Vehicle Mine |
| CR | Central Development Region of Nepal |
| ED | Explosive Device |
| ER | Eastern Development Region of Nepal |
| FWR | Far-Western Development Region of Nepal |
| IED | Improvised Explosive Device |
| INSEC | Informal Sector Service Center |
| MRE | Mine Risk Education |
| MWR | Mid-Western Development Region of Nepal |
| SF | Security Forces |
| UXO | Unexploded Ordnance |
| VA | Victim Assistance |
| VDC | Village Development Committee |
| WR | Western Development Region of Nepal |

## अलक्षित विस्फोटन भएका स्थानहरु

नोभेम्बर/डिसेम्बर २००६ मा मध्यमाञ्चल तथा पूर्वाञ्चल विकास क्षेत्र अलक्षित विस्फोटनबाट प्रभावित भएका थिए । इन्सेकले पाँच वटा जिल्लामा भएका पाँच वटा घटना रेकर्ड तथा अनुसन्धान गरेको थियो जसमा १२ जना गैरसैनिक सर्वसाधारण हताहत भएका थिए ।

**Table 1 : Unintentional explosions and civilian casualties per district (November/December 2006)**

| Region | District | Number of incidents | Casualties | | |
|---|---|---|---|---|---|
| | | | Injured | Killed | Total |
| Central | Bara | 1 | 3 | | 3 |
| | Ramechhap | 1 | | 1 | 1 |
| Eastern | Morang | 1 | 3 | 1 | 4 |
| | Terhathum | 1 | | 3 | 3 |
| | Udayapur | 1 | 1 | | 1 |
| **Total** | | **5** | **7** | **5** | **12** |

नोभेम्बर/डिसेम्बर २००६ मा दुई विकास क्षेत्र विस्फोटनबाट प्रभावित भएका थिए । सबैभन्दा प्रभावित विकास क्षेत्र पूर्वाञ्चल विकास क्षेत्र थियो जहाँ तीन वटा विस्फोटनको घटनामा आठ जना सर्वसाधारण हताहत भएका थिए । सबैभन्दा प्रभावित जिल्ला मोरङ थियो जहाँ एकै घटनामा एक जनाको मृत्यु तथा तीन जना घाइते भएका थिए । यसैगरी तेह्रथुम जिल्लामा तीन जनाको मृत्यु भएको थियो भने उदयपुरमा एक जना घाइते भएका थिए । मध्यामाञ्चलमा बारा र रामेछाप जिल्लामा १/१ वटा घटना भएका थिए । बारामा तीन जना घाइते भएका थिए भने रामेछापमा एक जनाको मृत्यु भएको थियो । यो अवधिमा विस्फोटनबाट प्रभावित हुने नयाँ जिल्लामा तेह्रथुम र रामेछाप पर्दछन् । सन् २००६ मा अलक्षित विस्फोटनबाट प्रभावित हुने जिल्लाको संख्या ४७ पुगेको छ ।




**Figure 1 : Number of casualties (November/December 2006)**

**Table 2 : Place of incident (November/December 2006)**

| Place of accident | Incidents | | Casualties | |
|---|---|---|---|---|
| | Number | % | Number | % |
| Home | 2 | 40% | 4 | 33% |
| Other | 1 | 20% | 4 | 33% |
| Path | 1 | 20% | 3 | 25% |
| Grassland | 1 | 20% | 1 | 8% |
| **Total** | **5** | **100%** | **12** | **100%** |

नोभेम्वर/डिसेम्बर २००६ को अवधिमा पनि सबैभन्दा बढी विस्फोटन भएको स्थान घर नै थियो जहाँ दुई वटा विस्फोटनमा चार जना सर्वसाधारणको मृत्यु भएको थियो । बाटो तथा खर्‍यानमा एक/एक वटा विस्फोटन भएको थियो भने एउटा विस्फोटन बस स्टेशन नजिक भएको थियो ।




**Figure 1 : Place of Incident (November/December 2006)**

## अलक्षित विस्फोटनका कारण

यो खण्डमा हामीले घटनामा प्रयोग भएको विस्फोटक पदार्थको प्रकार, घटना समयमा हताहत हुनेको क्रियाकलाप तथा विस्फोटन हुनुको कारण बारे जानकारी पाउने छौ ।

### विस्फोटक पदार्थका प्रकार (IED, AP Mine, other ED)

**Table 3 : Number of incidents and casualties by type of explosive device (November/December 2006)**

| Type ED | Name ED | Incidents | Injured | Killed | Total |
|---|---|---|---|---|---|
| IED | Socket Bomb | 3 | 4 | 4 | 8 |
| | Sutali Bomb | 1 | 3 | | 3 |
| Other ED | Detonator | 1 | | 1 | 1 |
| **Total** | | **5** | **7** | **5** | **12** |

नोभेम्बर/डिसेम्बर २००६ मा पाँच वटामध्ये चार वटा विस्फोटनका घटना घरेलु विस्फोटक पदार्थ (IED) को कारण भएको थियो जसबाट ११ जना हताहत भएका थिए । तीन वटा घटनामा सकेट बम विस्फोट भएको थियो जसका कारण आठ जना हताहत भएका थिए । एउटा घटना सुतली बमका कारण भएको थियो जसमा तीन जना घाइते भएका थिए भने अर्को एउटा घटना डिटोनेटर विस्फोटनका कारण भएको थियो ।

### घटनाको समयमा हताहत व्यक्तिको क्रियाकलाप

विस्फोटक पदार्थ छुने/चलाउने गरेका कारण २ वटा घटनामा ४ जना हताहत भएका थिए ।
एक जना केटी र दुई जना केटाको सकेट बम खेलाउदा विस्फोटन भई मृत्यु भएको थियो भने अर्को एक घटनामा एक जना केटाले डिटोनेटर हातमा लिई त्यसको तार निकाल्न खोज्दा विस्फोटन भई मृत्यु भएको थियो । हताहत भएका मध्ये तीन जना दर्शक थिए भने दुई जना विस्फोटनको बेला नजिकै भएको तर केही नगरेको अवस्थामा थिए । फोहोर उठाउने एक जना केटीले धातु बेच्नको लागि सकेट बमको माटो लागेको भाग झार्न हिर्काउदा विस्फोटन भएको थियो भने एक जना वयस्क विस्फोटनको बेला घाँस काटिरहेका थिए ।




**Figure 2: Activity of the casualty at the time of incident (November/December 2006)**

## विस्फोटक पदार्थको सक्रियता

**Table 4 : Cause of the explosion (November/December 2006)**

| Activated by | Total |
|---|---|
| Victim | 4 |
| Other | 3 |
| Unknown | 3 |
| Someone | 2 |
| **Total** | **12** |

हताहत हुने १२ जना मध्ये ४ जनाले विष्फोटक पदार्थ आफैले नै सक्रिय गराएका थिए । २ जना भने अरु व्यक्तिले विस्फोटक पदार्थ सक्रिय गराइदिएका कारण हताहत भएका थिए । तीन जना हताहत भएको एउटा घटनामा विस्फोटक पदार्थ कसले सक्रिय गरायो भन्ने थाहा हुन सकेन किनकी हताहत भएका सबै बच्चा थिए र सबैको मृत्यु भएको थियो ।

# गैरसैनिक पीडितसम्बन्धमा विवरण

## गैरसैनिक पीडितको उमेर र लिंग

**Table 5 : Age and Sex of Civilian Casualties (November/December 2006)**

| Age Sex | Child | Adult | Total | Percent |
|---|---|---|---|---|
| Woman | | 4 | 4 | 33% |
| Girl | 3 | | 3 | 25% |
| Boy | 3 | | 3 | 25% |
| Man | | 2 | 2 | 17% |
| **Total** | **6** | **6** | **12** | 100% |

उमेरको आधारमा यो अवधिमा बालबालिका तथा वयस्क समान रुपमा हताहत भएको पाइयो । हताहत भएका १२ जना मध्ये ६ जना अर्थात ५०% बालबालिका (१८ वर्ष मुनिका) थिए । त्यस मध्ये बालक तथा बालिका पनि समान अर्थात् ३/३ जना थिए । हताहत भएका मध्ये ५८% पुरुष थिए ।

सात महिनाको तथ्याङ्कले पुरुष त्यसमा पनि १०-१४ वर्ष उमेर समूहका बालक विस्फोटक पदार्थबाट सबैभन्दा बढी जोखिममा रहेको देखाएको थियो । यो UXO बाट प्रभावित मुलुकको लागि विशेष अवस्था हो । केटाहरुलाई विस्फोटक पदार्थ भेटाउन र खेलाउन बढी सहज हने कुरा अन्य देशमा पनि देखिन्छ । तर यो दुई महिनाको तथ्याङ्कले भने पुरुषको दाँजोमा महिला बढी जोखिममा रहेको देखाएको छ । यसको पछाडि विशेष कारण भने पाइदैन ।




**Figure 3 : Age and sex of casualties (November/December 2006)**

## विस्फोटनमा हताहत गैरसैनिक पीडितको भाषा र शैक्षिक अवस्था

**Table 6 : Literacy of casualties (November/December 2006)**

| Literate | Child | Adult | Total |
|---|---|---|---|
| Yes | 3 | 3 | 6 |
| No | 3 | 3 | 6 |
| **Total** | **6** | **6** | **12** |

हताहत भएका छ जना बालबालिकामध्ये तीन जना विद्यालय जाने गर्दथे । दुई जना बालबालिका उनीहरुको उमेरका कारण विद्यालय जादैनथे (४ वर्ष र ५ वर्ष) भने एक जना बालिका अति गरिबीका कारण परिवारलाई आर्थिक रुपमा सघाउन फोहोर उठाउने काम गर्ने गरेका कारण विद्यालय जाँदैनथिइन् । तीन जना वयस्क अशिक्षित थिए ।
चार जनाको मातृभाषा नेपाली थियो भने तीन/तीन जनाको मातृभाषा भोजपुरी तथा लिम्बु थियो । दुई जना जनाको मातृभाषा भाषा भोजपुरी, मैथिली र उर्दु मिलेर बनेको राइन भाषा थियो ।

## गैरसैनिक पीडितको वैवाहिक स्थिति र आश्रितको संख्या

**Table 7: Marital status and number of dependents (November/December 2006)**

| Marital | Child | Adult | Total |
|---|---|---|---|
| Married | | 4 | 4 |
| Single | 6 | 2 | 8 |
| **Total** | **6** | **6** | **12** |

हताहत सबै बालबालिका अविवाहित थिए । छ जना वयस्क मध्ये चार जना विवाहित थिए । दुई जना महिलाको पाँच जना आश्रित सदस्य संख्या पाइयो भने अर्को दुई जनाको भने चार जना आर्थिक रुपले आश्रित सदस्य रहेको पाइयो ।

## गैरसैनिक पीडितको आर्थिक अवस्था

**Table 8 : Economic status of casualties (November/December 2006)**

| Economic Status | Total |
|---|---|
| Lowest | 6 |
| Low | 6 |
| **Total** | **12** |

इन्सेकका जिल्ला प्रतिनिधिहरुका अनुसार हताहत भएका सबै आर्थिक रुपमा गरिब तथा अति गरिब भएको पाइयो । घाइते भएकामध्ये केहीले गरिबीकै कारण उपचारमा समेत कठिनाइ भोगेका थिए ।

## गैरसैनिक पीडितको पेशा

**Table 9 : Occupation of casualties (November/December 2006)**

| Occupation | Child | Adult | Total |
|---|---|---|---|
| Student | 3 | 1 | 4 |
| Farmer | | 3 | 3 |
| Laborer | 1 | 1 | 2 |
| Unemployed | 2 | | 2 |
| Other | | 1 | 1 |
| **Total** | **6** | **6** | **12** |

हताहत भएका बालबालिका मध्ये तीन जना विद्यार्थी थिए भने एक जना फोहोर संकलकको रुपमा काम गर्दथे । दुई जना बालबालिकालाई बेरोजगार भनिएको छ किनकि उनीहरु विद्यालय जाने उमेरका थिएनन् । छ जना वयस्कमध्ये तीन जना किसान थिए भने एक जना विद्यार्थी तथा अर्न्य एकजना मजदुरी काम गर्दथे । एकजना अर्थात भुटानी शिविरमा बस्ने शरणार्थी थिए ।

## घटनाको परिणाम

**Table 10: Consequence of the incident (November/December 2006)**

| Consequence | Child | Adult | Total |
|---|---|---|---|
| Injured | 1 | 6 | 7 |
| Killed | 5 | | 5 |
| **Total** | **6** | **6** | **12** |

हताहत भएका १२ मध्ये ५ जनाको मृत्यु भएको थियो । मारिने पाँचै जना बालबालिका थिए । एक जना मृतक ९ वर्षीय बालक थियो जसले आफ्नो घरभित्र सकेट बम भेटाएर बाहिर ल्याएको थियो । विस्फोटक पदार्थलाई ऊ आफै, आफ्नै ५ वर्षे बहिनी र ४ वर्षको छिमेकीको छोराले खेलाउँदा विस्फोटन भएको थियो । विस्फोटनका कारण तीनै जना बालबालिकाको घटनास्थलमै मृत्यु भएको थियो । एक जना बालक डिटोनेटरको तार भिक्न खोज्दा विस्फोटन भई मृत्यु भएको थियो । एक जना बालिकाले फोहोर संकलनको क्रममा भेटाएको सकेट बममा लागेको माटो भार्न खोज्दा विस्फोटन भई मृत्यु भएको थियो ।

## चोटपटकको प्रकार




दुई जना अंगभंग भएका थिए जसमध्ये एक जना दाँया हात गुमाए पनि बाँच्न सफल भएको थियो । एक जना बालक हात, खुट्टा सहित शरीरका विभिन्न भागमा लागेको घातक चोटका कारण मृत्यु भएको थियो । हात गुमाएको व्यक्तिलाई **Functional hands prosthesis** आवश्यक पर्न सक्दछ । भुटानी शरणार्थीले घटना क्याम्पभन्दा बाहिर भएको कारण उनीहरुलाई उपचार गर्ने अस्पतालले उपचार नगरेकोले उपचारमा कठिनाई भएको थियो । मृत्यु भएकी फोहोर उठाउने बालिकाकी आमा जो उनी पनि फोहोर उठाउने काम गर्दछिन्ले पनि उपचारमा कठिनाइ भोगेकी थिइन ।

**Figure 4 : Type of injuries (November/December 2006)**

## घटना र हताहतीको अवस्था

**Table 11 : Number of Casualties per Month (January-December 2006)**

| Month | Incidents | Injured | Killed | Total Casualties |
|---|---|---|---|---|
| January | 6 | 5 | 3 | 8 |
| February | 17 | 19 | 9 | 28 |
| March | 10 | 17 | 2 | 19 |
| April | 9 | 10 | 4 | 14 |
| May | 8 | 15 | 3 | 18 |
| June | 11 | 13 | 2 | 15 |
| July | 3 | 6 | 1 | 7 |
| August | 7 | 9 | | 9 |
| September | 4 | 6 | | 6 |
| October | 4 | 5 | 3 | 8 |
| November | 3 | 4 | 3 | 7 |
| | 2 | 3 | 2 | 5 |
| **Total** | **84** | **112** | **32** | **144** |

सन् २००६ को वर्षभरि नै अलक्षित विस्फोटन तथा सर्वसाधारण हताहत हुने क्रम भई नै रह्यो । युद्धविराम तथा दीर्घकालीन शान्ति सम्झौता सम्पन्न भएतापनि निर्दोष सर्वसाधारण घाइते तथा मर्ने क्रम रोकिएको छैन । यो वर्ष डिसेम्बरमा सबैभन्दा कम विस्फोटनका घटना तथा हताहत भए तर आगामी महिनामा पनि यस्तै हुन्छ भन्न चाहि सकिदैन । आगामी महिनाहरुमा विस्थापित जनताहरु घर फर्कने तथा अन्य राजनीतिक एवं सामाजिक गतिविधिमा समेत वृद्धि हुँदा विस्फोटनका घटना अझ बढ्न पनि सक्दछ ।

दुवै सेनाले जनाएको प्रतिवद्धता दृढताका साथ पालना गर्ने तथा जोखिममा रहेको जनसंख्यालाई प्रभावकारी माइन न्यूनीकरण शिक्षा दिनको लागि विस्फोटक पदार्थ हटाउने तथा नष्ट गर्ने कार्यको प्रभावकारी योजना तर्जुमा गर्नका साथै यसको पूर्ण कार्यान्वयन गरे मात्र आगामी वर्षमा बेवारिसे विष्फोटक पदार्थको संख्या तथा यसबाट हुने सर्वसाधारण हताहतमा कमी आउन सक्दछ ।




**Figure 5 : Number of Incidents and Casualties (January-December 2006)**

जनवरीदेखि मे महिनासम्मको तथ्याङ्क मेडिया सर्भिलेन्समा आधारित छ भने जुन महिनादेखिको तथ्याङ्क इन्सेकको एक्टिभ सर्भिलेन्समा आधारित छ ।